# प्रदेश लोक सेवा आयोग
## कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
### (प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

## स्थानीय सेवाका नवौं र सातौं तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. ०८।२०८३-८४ प्रकाशित मितिः- २०८३।०५।३०

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिम सम्भाव्य उम्मेदवारले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८३।०७।०२ गते सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ। ज्येष्ठता गणना स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३४ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।रितपूर्वक प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ।

## उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ (यसका लागि सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेस गर्नु पर्नेछ)।

२. बढुवाको लागि आवश्यक पर्ने सेवाकालीन तालिम, न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिम हुनुपर्नेछ।

३. दरखास्त फाराम पेस गर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

५. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम पेस गर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन पेस गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहमा समायोजन भएको पत्र पेस गर्नुपर्नेछ।

६. दरखास्त साथ जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा हुने पदभन्दा तल्लो पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित ३० (तीस) कार्यदिनको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ।

७. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ बमोजिम सातौं तह कायम भएका कर्मचारीको सातौं तहमा पदस्थापना गर्ने निर्णय भएको मिति देखि सेवा अवधि गणना हुनेछ।

८. बढुवा सम्बन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम हुनेछ।

**१. <u>स्थानीय सेवाको नवौं तहका बढुवाद्वारा हुने पदको विवरण</u>**

**क. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.स. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद | पद संख्या |
|---|---|---|---|---|
| १. | ०१।२०८३-८४ | स्थानीय इन्जिनियरिङ, सिभिल | सिनियर डिभिजनल इन्जिनियर | ४ |
| २. | ०२।२०८३-८४ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | उपसचिव (शिक्षा) | ५ |
| ३. | ०३।२०८३-८४ | स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | मेडिकल सुपरिटेण्डेण्ट | १ |

**ख. कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.स. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद | पद संख्या |
|---|---|---|---|---|
| १. | ०४।२०८३-८४ | स्थानीय इन्जिनियरिङ, सिभिल | सिनियर डिभिजनल इन्जिनियर | ३ |
| २. | ०५।२०८३-८४ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | उपसचिव (शिक्षा) | ४ |

**२. <u>स्थानीय सेवाको सातौं तहको बढुवाद्वारा हुने पदको विवरण</u>**

**क. कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.स. | बढुवा सूचना नं. | सेवा, समूह | पद | पद संख्या |
|---|---|---|---|---|
| १. | ०६।२०८३-८४ | स्थानीय इन्जिनियरिङ, सिभिल | इन्जिनियर | १ |
| २. | ०७।२०८३-८४ | स्थानीय प्रशासन, लेखा | वरिष्ठ लेखा अधिकृत | २ |

**दरखास्त दस्तुरः-**

१. नवौं तह रु.१५००।-(एक हजार पाँच सय रुपैया)

२. सातौं तह रु.१२००।-(एक हजार दुई सय रुपैया)

**दरखास्त दस्तुर बुझाउने तरिकाः-** **https://revenue.fcgo.gov.np/** पोर्टल लगइन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजश्व शिर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्नेछ।

**कार्यालय कोडः-** २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

**राजस्व शीर्षक नं.:-** १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै दुविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)

## स्थानीय सेवाका नवौं, आठौं र सातौं तहका (अप्राविधिक/प्राविधिक) पदहरुको खुला, अन्तर तह, आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं. ०९।२०८३-८४ प्रकाशित मितिः-२०८३।०५।३०

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम स्थानीय सेवा अन्तर्गत देहायका सेवा, समूह, उपसमूह र तहका पदको खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली **https://ppsconline.karnali.gov.np** बाट अनलाइन दरखास्त दिनुपर्नेछ। स्थानीय सेवाका खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगिताका परीक्षा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गरिनेछ।

### क. नवौं तहका प्राविधिक पदहरु:

| क्र.स. | विज्ञापन नं. | सेवा, समूह, उपसमूह | पद | परीक्षाको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ५०१।२०८३-८४ | स्थानीय इन्जिनियरिङ, सिभिल | सिनियर डिभिजनल इन्जिनियर | खुला प्रतियोगिता | १ |
| २. | ५०२।२०८३-८४ | | | अन्तर तह प्रतियोगिता | १ |
| ३. | ५०३।२०८३-८४ | | | आन्तरिक अन्तर सेवा प्रतियोगिता | १ |
| ४. | ५०४।२०८३-८४ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | उपसचिव (शिक्षा) | खुला प्रतियोगिता | १ |
| ५. | ५०५।२०८३-८४ | | | अन्तर तह प्रतियोगिता | १ |
| ६. | ५०६।२०८३-८४ | | | आन्तरिक अन्तर सेवा प्रतियोगिता | १ |

### ख. आठौं तहका प्राविधिक पद:

| क्र.स. | विज्ञापन नं. | सेवा, समूह, उपसमूह | पद | परीक्षाको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ५०७।२०८३-८४ | स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | मेडिकल अधिकृत | खुला प्रतियोगिता | १ |
| २. | ५०८।२०८३-८४ | | | खस आर्य महिला | १ |

**ग. सातौं तहका अप्राविधिक पदः**

| क्र.स. | विज्ञापन नं. | सेवा, समूह, उपसमूह | पद | परीक्षाको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ३०१।२०८३-८४ | स्थानीय प्रशासन, लेखा | वरिष्ठ लेखा अधिकृत | खुला | २ |
| २. | ३०२।२०८३-८४ | | | आ.ज. | १ |

**घ. सातौं तहका प्राविधिक पदहरुः**

| क्र.स. | विज्ञापन नं. | सेवा, समूह, उपसमूह | पद | परीक्षाको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ५०९।२०८३-८४ | स्थानीय इन्जिनियरिङ, सिभिल | इन्जिनियर | खुला | १ |
| २. | ५१०।२०८३-८४ | | | आ.ज. | १ |
| ३. | ५११।२०८३-८४ | स्थानीय कृषि, कृषि | कृषि विकास अधिकृत | आ.ज. | १ |
| ४. | ५१२।२०८३-८४ | स्थानीय कृषि, ला.पो.डे.डे. | पशु विकास अधिकृत | अन्तर तह प्रतियोगिता | १ |
| ५. | ५१३।२०८३-८४ | स्थानीय कृषि, भेटेरिनरी | पशु चिकित्सक | खुला | १ |
| ६. | ५१४।२०८३-८४ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | वरिष्ठ शिक्षा अधिकृत | खुला | १ |
| ७. | ५१५।२०८३-८४ | | | आ.ज. | १ |
| ८. | ५१६।२०८३-८४ | स्थानीय स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | जनस्वास्थ्य अधिकृत | अन्तर तह प्रतियोगिता | १ |

**परीक्षा केन्द्रः-** वीरेन्द्रनगर, सुर्खेत।

**दरखास्त दस्तुरः-** १. नवौं तहको प्रत्येक विज्ञापनको लागि दरखास्त दस्तुर रु. १२००।- (एक हजार दुई सय) र त्यसपछिका थप प्रत्येक किसिम/समूहका लागि रू. ५००।- (पाँच सय) थप दस्तुर बुझाउनु पर्नेछ।

**२.** सातौं तहको प्रत्येक विज्ञापनको लागि दरखास्त दस्तुर रु. १०००।- (एक हजार) र त्यसपछिका थप प्रत्येक किसिम/समूहका लागि रू. ४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८३।०६।१९ सम्म र दोब्बर दस्तुर तिरी २०८३।०६।२६ सम्म।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी दरखास्त दस्तुर बुझाउन सकिनेछ। Online Payment गर्ने उम्मेदवाहरुले तोकिएको wallet हरुको प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ। Offline Payment गर्ने उम्मेदवारहरुले तोकिएका बैंकहरु मध्ये कुनै एक बैंक छनौट गरी Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गई दरखास्त दस्तुर बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** २०८३।०६।२६ गते सम्म (सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिन)।

**दरखास्तको माध्यमः-** विज्ञापित पदहरुमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन प्रणाली मार्फत् दरखास्त पेस गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण **https://ppsconline.karnali.gov.np** बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा pdf/jpg file मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी jpg file मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**उम्मेदवारको उमेरको हदः-** २०८३।०६।१९ सम्म **नवौं तहका लागि** २१ वर्ष **उमेर** पुरा भई ४५ वर्ष ननाघेको, **सातौं र आठौं तहका लागि** २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको, **महिला र अपाङ्गता भएका उम्मेदवारका हकमा** ४० वर्ष ननाघेको, **स्वास्थ्य सेवाको हकमा** ४५ वर्ष ननाघेको तर संघीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**परीक्षा कार्यक्रमः**

१. **स्थानीय प्रशासन सेवा, लेखा समूह, वरिष्ठ लेखा अधिकृत** पदको प्रारम्भिक चरणको **परीक्षा मिति २०८३/०७/१५ गते बिहान ८:३०** बजे हुनेछ।

२.**स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन समूह, वरिष्ठ शिक्षा अधिकृत** पदको प्रारम्भिक चरणको **परीक्षा मिति २०८३/०७/१९ गते बिहान ८:३०** बजे हुनेछ।

३.प्रारम्भिक परीक्षा हुने पद बाहेकका खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाको मिति र समय आयोगको वेबसाइटमा पछि प्रकाशित गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह र उपसमूहसँग सम्बन्धित।

**तलब, सेवा शर्त तथा सुविधाः-** प्रचलित कानून बमोजिम।

## आवश्यक न्यूनतम योग्यताः

क. **आन्तरिक अन्तर सेवाको लागिः**

कर्णाली प्रदेश भित्रका जुनसुकै स्थानीय तहको स्थानीय सेवाको एक तहमुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको र न्यूनतम शैक्षिक योग्यता हासिल गरेको।

**ख. अन्तर तहको लागिः**

संघीय वा जुनसुकै प्रदेशको निजामती सेवा वा जुनसुकै स्थानीय तहको स्थानीय सेवाको एक श्रेणी वा तहमुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको र न्यूनतम शैक्षिक योग्यता हासिल गरेको।

ग. <u>खुलाको लागिः</u>

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २० बमोजिम योग्य भएको र दफा ९ को उपदफा (११) बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

२. **<u>नवौं तहको पदको लागि आवश्यक अनुभवः</u>**

- सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्थाको अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा पाँच वर्षको सेवा अवधि पूरा गरेको समयलाई न्यूनतम योग्यता मानिनेछ।
- सम्बन्धित क्षेत्रको विषयमा विद्यावारिधिको उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्थाको अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा तीन वर्षको सेवा अवधि पूरा गरेको हुनुपर्नेछ।
- कुनै निकायमा आंशिक रूपमा काम गरेको अनुभव गणना हुनेछैन।
- एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन।
- अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र।
- एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।
- अधिकृत नवौं तहको जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूहको सातौं/आठौं तहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ।
- नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृतस्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृतस्तरको हो भनी प्रमाणित गरेको पत्र संलग्न गर्नु पर्नेछ।
- माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ।

## खुला, अन्तर तह र आन्तरिक अन्तर सेवाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः

क. <u>नवौं तहका पदहरुका लागि</u>

१. **स्थानीय इन्जिनियरिङ, सिभिल, सिनियर डिभिजनल इन्जिनियरः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको।

२. **स्थानीय शिक्षा, शिक्षा प्रशासन उपसचिव (शिक्षा):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको।

ख. <u>आठौं तहका पदका लागि</u>

१. **स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, मेडिकल अधिकृतः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरेको।

ग. <u>सातौं तहका पदहरुका लागि</u>

१. **स्थानीय इन्जिनियरिङ, सिभिल, इन्जिनियरः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण।

२. **स्थानीय कृषि, कृषि, कृषि विकास अधिकृतः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.एग्री. वा सो सरह उत्तिर्ण।

३. **स्थानीय कृषि, लाइभष्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट, पशु विकास अधिकृतः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि. एस्सी. (एनिमल साइन्स वा डेरी साइन्स) वा बि.टेक. (डेरी टेक्नोलोजी वा लाइभष्टक एक्सटेन्सन) वा बि.भि.एस्सी. एण्ड ए.एच. वा सो सरह उत्तिर्ण।

४. **स्थानीय कृषि, भेटेरिनरी, पशु चिकित्सकः-** मान्यताप्राप्त शिक्षण संस्थाबाट बि.भि.एस्सी. एण्ड ए.एच. वा डि.भि.एम. वा सो सरह उत्तीर्ण।

५. **स्थानीय प्रशासन, लेखा, वरिष्ठ लेखा अधिकृतः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण।

६. **स्थानीय शिक्षा, शिक्षा प्रशासन वरिष्ठ शिक्षा अधिकृतः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

७. **स्थानीय स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, जनस्वास्थ्य अधिकृतः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषय स्नातक तह उत्तीर्ण।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनु पर्नेछ।

१. **खस आर्य महिलाको हकमाः** राष्ट्रिय समावेशी आयोगबाट खस आर्यमा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट खस आर्य जातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

२. **आ. ज. को हकमाः** नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचिकृत भएको जाति वा समूदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट आदिवासी जनजातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात।

**द्रष्टव्य**

(क) संघीय निजामती सेवा वा जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा स्थानीय सेवाको समान तहको पदमा कार्यरत रहेको कर्मचारीले दरखास्त दिन पाउने छैनन्। तर स्थानीय स्वास्थ्य सेवाको समान तहको पदमा तोकिएबमोजिमको योग्यता पुगेको कर्मचारीले प्रतिस्पर्धा गर्न बाधा पुग्ने छैन।

(ख) विज्ञापन प्रकाशन भएको मितिले कम्तीमा २१ दिन (सिङ्गल दस्तुरको अवधि) भित्र जारी हुने शैक्षिक योग्यता, तालिम, व्यावसायिक परिषद् दर्ता, सम्वद्धता र समकक्षतालाई मान्यता दिइनेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, व्यावसायिक परिषद् दर्ता, सम्वद्धता र समकक्षता र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको दरखास्त स्वीकृत गरिने छैन।

(घ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ५ (पाँच) दिन अगावै आयोगमा लिखित निवेदन दिनु पर्नेछ अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन।

(ङ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(च) सूचनामा उल्लिखित विषय बाहेक अन्य विषयहरू स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र नियमावली, प्रदेश लोक सेवा आयोग ऐन, २०७५ र नियमावली बमोजिम हुनेछ।

(छ) एउटै व्यक्तिले सेवा अवधिभरमा अधिकृतस्तर वा सहायकस्तरको पदमा समावेशीको सुविधा एक पटक मात्र लिन पाउने छ।

(ज) एउटै व्यक्तिले एकभन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १० को उपदफा (६) बमोजिम निजले त्यस्ता समूहमध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउने छ।

(झ) दरखास्त पेस गर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

(ञ) पाठ्यक्रममा उल्लेखित परीक्षाको योजनाको विषयमा उम्मेदवार स्वयम् जानकार हुनुपर्ने छ।

(ट) पाठ्यक्रम आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np/course** बाट प्राप्त गर्न सकिनेछ।